म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- ७९ २०८० माघ २३ गते मंगलबार 6 February 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

**जग्गा भाडामा चाहियो ?**



हेटौंडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कट्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बरः ९८४९४५४६८३**

# "जनता र सरोकारवालालाई सोधेर काम गरिन्न": नगरप्रमुख लामा

**मीना कुमारी लामा, नगर प्रमुख**
"हरेक काममा जनतालाई, सरोकारवालालाई सोधेर काम गर्न सकिन्न । हामीले मापदण्ड बनाएका छौं । सोहीअनुसार काम गरेका छौं, गर्छौं ।"
"सबै निर्णय किन सार्वजनिक गर्नुपर्‍यो र ? कसैलाई उपचार खर्च १० हजार रुपैयाँ दिने निर्णय पनि सार्वजनिक गर्नुपर्छ र ?"



**ईवाकर मैनाली**
**अध्यक्ष, विद्यालय व्यवस्थापन समिति चन्द्रोदय मावि**
"५ जना मान्छेका बीच सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइरालाले आफूले भनेको शिक्षकलाई सरुवाको सहमति नदिए दर बन्दी कट्टा गरिदिने चुनौति दिनुभएको थियो ।"



**रामकृष्ण कोइराला**
**संयोजक, सामाजिक विकास समिति**
"दरबन्दी काटिँदैछ । तत्काल वडाध्यक्ष र तपाइँहरु नजुधी मिलेर आउनुभयो भने असार मसान्तसम्म भए पनि शिक्षक पाउनुहुन्छ नभए काटिन्छ भनेको हुँ । मेरो मान्छे नभए दरबन्दी काटिन्छ भनेको होइन ।"



सुरेश श्रेष्ठ

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले गैरजिम्मवारीपूर्ण टिप्पणी गर्नुभएको छ । नगर प्रमुख संयोजक रहने नगर शिक्षा समितिले शैक्षिक सत्रको अन्तिममा आएर दरबन्दी मिलान गर्ने निर्णय विवादित बनेको विषयमा बुझ्न खोज्दा नगरप्रमुख लामाले काम गर्ने क्रममा जनता र सरोकारवालालाई सोध्न, बुझ्न नपर्ने बताउनुभएको छ ।

नगरप्रमुख लामालाई उहाँकै कार्यकक्षामा पुगेर सोमबार दिउँसो साढे २ बजेको समयमा दरबन्दी मिलान गर्ने विषयमा नगर शिक्षा समितिले सरोकारवालासँग, विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षसँग छलफल नगरिएको कि छलफल गरेर पनि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकहरुले सामाजिक सञ्जालमा गुनासो गरिरहेका छन् नि भन्ने प्रश्नमा नगरप्रमुख लामाले भन्नुभयो, "हरेक काममा जनतालाई, सरोकारवालालाई सोधेर काम गर्न सकिन्न । हामीले मापदण्ड बनाएका छौं । सोहीअनुसार काम गरेका छौं, गर्छौं ।" नगरप्रमुखको अभिव्यक्तिप्रति आश्चर्य प्रकट गर्दै तपाइँ जनमतबाटै निर्वाचित व्यक्तिले जनतासँग सोधिखोजी नै गर्नु नपर्ने, सरोकारवालासँग छलफल नै गर्नुपर्दैन भन्न नसुहाउला नि ? भन्ने जिज्ञासामा नगरप्रमुख लामाले सहजै भन्नुभयो, "केही फरक पर्दैन ।"

नगर कार्यपालिका बैठकका निर्णय केही सार्वजनिक भए, केही भएनन् नि ? भन्ने प्रश्नमा पनि उहाँले गैरजिम्मेवारीपूर्ण जवाफ दिनुभयो । नगर प्रमुख लामाले भन्नुभयो, "सबै निर्णय किन सार्वजनिक गर्नुपर्‍यो र ? कसैलाई उपचार खर्च १० हजार रुपैयाँ दिने निर्णय पनि सार्वजनिक गर्नुपर्छ र ?" नगर कार्यपालिकाको बैठकका निर्णय केही सार्वजनिक हुने, केही सार्वजनिक नहुने विषय नैतिक र कानुनी दुवै दृष्टिकोणले गलत भएको कानुन व्यवसायीको भनाइ छ ।

नगर शिक्षा समितिले कुनै जानकारी र छलफल बिना नै प्राथमिक तहको दरबन्दी मिलानको नाममा दरबन्दी कटौती गर्ने निर्णयबाट शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु आश्चर्यमा परेका छन् । हेटौंडा-१३, पदमपोखरीस्थित महेन्द्र माविका प्रधानाध्यापक विष्णु श्रेष्ठ भन्नुहुन्छ, "दरबन्दी मिलान गर्ने हो भने हाम्रो विद्यालयमा प्राथमिक तहमा ५ वटा दरबन्दी बढी देखिन्छ । निमावि तहमा २ र मावि तहका लागि ३ वटा दरबन्दी आवश्यक छ । तर, प्राथमिक तहको दरबन्दी बढी देख्ने पालिकाले निमावि र मावि तहको रिक्त दरबन्दी चैं पूर्ति गरि दिनु पर्दैन ?" "दरबन्दी कट्टा हुने हल्ला चलेपछि शिक्षा महाशाखाका अधिकारीलाई विद्यालयमा आएर विद्यार्थीको संख्या र दरबन्दीका बारेमा हेरेर निर्णय गर्न भनेका थियौं । तर, उहाँहरु आउनुभएन", प्रधानाध्यापक श्रेष्ठले भन्नुभयो, "अहिले प्रावि दरबन्दीका शिक्षकहरुबाटै निमावि र मावि तहका कक्षामा पठनपाठन भइरहेको छ । अब त्यो पनि काटेपछि कसरी विद्यालय चलाउन सकिन्छ ?"

यता हेटौंडा-८ स्थित चन्द्रोदय माविको दरबन्दी कटौतिको विषय अझ संवेदनशील देखिएको छ । नगर शिक्षा समितिका सदस्य, सामाजिक विकास समितिका संयोजक एवम् १६ नम्बर वडा अध्यक्ष रामकृष्ण कोइरालाले आफूले भनेको शिक्षकलाई सरुवाको सहमति नदिए दरबन्दी नै कट्टा गरिदिने चुनौति दिएको चन्द्रोदय मावि व्यवस्थापन समितिका अध्यक्ष ईवाकर मैनालीले बताउनुभयो । "५ जना मान्छेका बीच सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइरालाले आफूले भनेको शिक्षकलाई सरुवाको सहमति नदिए दरबन्दी कट्टा गरिदिने चुनौति दिनुभएको थियो", विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईवाकर मैनालीले भन्नुभयो, "प्रावि दरबन्दीमा आउने शिक्षक निमावि र मावि तहमा गणित पढाउन सक्ने चाहिएको थियो, सोहीअनुसार सहमति पनि भइसकेको थियो । तर, संयोजक कोइरालाले हामीलाई अंग्रेजी विषयको उहाँको मान्छेलाई सरुवाको सहमति दिन दबावसहित चुनौति नै दिनुभयो । दरबन्दी काट्न नसके सामाजिक विकास समितिको पद नै त्याग्ने धम्की दिनुभयो ।"

यता सामाजिक विकास समितिका संयोजक कोइरालाले भने आफूले आफ्नो मान्छे नभए दरबन्दी काटिन्छ भनेर नभनेको जीकिर गर्नुभयो । "दरबन्दी काटिँदैछ । तत्काल वडाध्यक्ष र तपाइँहरु नजुधी मिलेर आउनुभयो भने असार मसान्तसम्म भए पनि शिक्षक पाउनुहुन्छ नभए काटिन्छ भनेको हुँ । मेरो मान्छे नभए दरबन्दी काटिन्छ भनेको होइन ।" कोइरालाले भन्नुभयो ।

दरबन्दी मिलानअन्तर्गत दरबन्दी कटौतिको निर्णय गर्ने क्रममा सरोकारवालासँग छलफल गर्नुपर्ने सुझाव दिए पनि नगर प्रमुखले किन छलफल गर्नुभएन भन्ने विषयमा आफू जानकार नभएको हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाका प्रमुख हरिचन्द्र सापकोटाले जानकारी दिनुभएको छ । "नगर शिक्षा समितिका निर्णय कार्यान्वयन गर्नका लागि पनि सरोकारवालासँग अग्रिमरुपमा छलफल गर्नुपर्ने सुझाव दिएको थिएँ । तर, नगरप्रमुखले किन छलफल गर्नुभएन त्यो चैं मलाई थाहा हुने विषय भएन", महाशाखा प्रमुख सापकोटाले भन्नुभयो । चन्द्रोदय माविको सन्दर्भमा एकीकृत शैक्षिक तथ्यांक व्यवस्थापन प्रणाली (इमिस) मा रहेको विद्यार्थी विवरण र अवलोकनका क्रममा देखिएको विद्यार्थी विवरणको औसत अनुपातका आधारमा शिक्षक-विद्यार्थी अनुपातमा दरबन्दी मिलानको निर्णय भएको सापकोटाको भनाइ छ । यता महेन्द्र माविका प्रधानाध्यापक विष्णु श्रेष्ठ भने पालिकाले अनुगमन नै नगरेको बताउनुहुन्छ ।

नगर प्रमुख लामाको संयोजकत्वको समितिले गत असोज १२ गते गरेको दरबन्दी मिलानसम्बन्धी निर्णय माघ १९ मा मात्रै सार्वजनिक भयो । दरबन्दी मिलानसम्बन्धी निर्णय उपमहानगरले औपचारिकरुपमा सार्वजनिक गरेको होइन । दरबन्दी कटौतिको निर्णयबाट प्रभावित हुने भन्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकहरुले सामाजिक सञ्जालमा उपमहानगरको गलत र गैरजिम्मेवारीपूर्ण निर्णय भन्दै गुनासोसहित निर्णय सार्वजनिक गरिएको थियो । गत असोज १२ गतेको नगर शिक्षा समितिको निर्णयअनुसार हेटौंडा उपमहानगरका ३२ वटा विद्यालयका प्राथमिक तहका शिक्षकको ५४ वटा दरबन्दी कट्टा गरी दरबन्दी आवश्यक भएका विद्यालयको सूचि समेत सार्वजनिक गरिएको हो ।

## शिक्षक संगठनका प्रतिनिधिसँग छलफल

हेटौंडाः शिक्षक दरबन्दी मिलान विवादित भएको विषयमा सोमबार साढे २ बजे सञ्चारकर्मीलाई गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति दिनुभएकी नगरप्रमुख मीना कुमारी लामाले सोमबार ३ बजे नै शिक्षक संगठनका प्रतिनिधिसँग छलफल गर्नुभएको छ । नगर शिक्षा समितिका सदस्य सचिव समेत रहनुभएका शिक्षा विकास महाशाखाका प्रमुख हरिचन्द्र सापकोटाका अनुसार नगर प्रमुख, उपप्रमुख दुबैजनाले शिक्षक संगठनका प्रतिनिधिसँग छलफल गर्नुभएको छ ।

छलफलमा सहभागी नेपाल शिक्षक संघ मकवानपुरका अध्यक्ष गणेशप्रसाद हुमागाईले नगरप्रमुखलाई दरबन्दी मिलानसम्बन्धी निर्णयअघि सरोकारवालासँग छलफल गर्नुपर्ने सुझाव दिएको बताउनुभयो । "निर्णय नै भइसकेपछिको आजको छलफलको कुनै अर्थ हुन्न । भएको निर्णय सच्याएर जाने हो भने छलफल गर्न सकिन्छ भन्यौं", अध्यक्ष हुमागाईले भन्नुभयो, "पेशागत संगठनलाई बेवास्ता गरेर हिँड्न हुन्न भन्यौं । अझ संगठनका पालिकास्तरीय समितिसँग नै छलफल गर्नुभए राम्रो हुन्छ भन्यौं ।" छलफलमा नेपाली काँग्रेस निकट नेपाल शिक्षक संघका अध्यक्ष हुमागाईसँगै नेकपा माओवादी केन्द्र निकट एकीकृत अखिल नेपाल शिक्षक संगठन मकवानपुरका अध्यक्ष बसन्त राई र अखिल नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरकी उपाध्यक्ष प्रतिमा गौतमको सहभागिता रहेको थियो ।

# सहकारीले उत्पादनमूलक काम गर्नुपर्छः सहमहामन्त्री डिना

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाले सहकारीले बचत र ऋणसँगै अब उत्पादनमूलक काम गर्नुपर्नेमा जोड दिनुभएको छ । सोमबार रेडियो मकवानपुरको १४ औं वार्षिकोत्सव एवम् रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारीको २६ औं स्थापना दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

पछिल्लो समय धेरै सहकारी घोटाला, हिनामिनालगायतको घटना भइरहेको भन्दै उहाँले शेयर सदस्य सचेत रहन सुझाव दिनुभयो । रेडियो मकवानपुरले सामुदायिक रेडियोको धर्म निर्वाह गर्दै सबै क्षेत्रलाई समेटेर काम गरिरहेकोमा उहाँले खुसी व्यक्त गर्नुभयो ।

रेडियोले सामुदायिक सम्मानबाट मकवानपुर रिकभरिङ समूहका सञ्चालक सन्दिप शाक्य र धार्मिक अगुवा नारायण भट्टराईलाई सम्मान गरेको छ । दुबै जनालाई १०-१० हजार रुपैयाँ र प्रमाणपत्रसहित सम्मान गरेको हो । यस्तै, वर्ष उत्कृष्ट कर्मचारीको रुपमा पोष्टराज अधिकारीलाई सम्मान गरेको छ । अधिकारीलाई नगद ५ हजार रुपैयाँसहित सम्मान गरेको हो ।

कार्यक्रममा २०७९ सालको एसईई परीक्षामा उत्कृष्ट अंकसहित उत्तीर्ण भएका शेयर सदस्यका छोराछोरीलाई नगदसहित प्रमाणपत्र प्रदान गरिएको छ । वार्षिकोत्सवमा शहीद विषयमा साहित्यकारसँगको अन्तर क्रिया एवम् रचना वाचन, हेटौंडा क्याम्पसलाई सेनेटरी प्याड हस्तान्तरण, ओम बृद्धाश्रमलाई खाद्यान्न वितरण, रेडियो मकवानपुर मिडिया कप फुटसल प्रतियोगिता, मनहरी ५ मा निःशुल्क स्वास्थ्य शिविर र बालमैत्री नगर निर्माणमा सरोकारवालाको भूमिका विषयक वक्तृत्वकला आयोजना भएको थियो ।

दिव्यतारा सहकारीका अध्यक्ष डा. गणेश बल लामाको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, हेटौंडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जन, हेटौंडा-६ का वडाध्यक्ष विष्णुबहादुर दाहाल, ७ नम्बर वडाध्यक्ष दामोदर गौतम, १६ नम्बर वडाध्यक्ष रामकृष्ण कोइराला, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण गुप्ता अग्रवाल र निर्माण व्यवसायी संघ मकवानपुर अध्यक्ष बालगोपाल कँडेललगायतको आतिथ्य रहेको थियो ।

**हामी गौरवान्वित भएका छौं**

यस बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका पूर्वविद्यार्थी **रिजन ढकाल नेपाली राष्ट्रिय क्रिकेट टिमको सदस्य**मा चयन भएकोमा हामी गौरवान्वित भएका छौं । यस अवसरमा रिजनलाई हार्दिक बधाईसहित सफलताको शुभकामना व्यक्त गर्दछौं ।



**विनोद सुवेदी**
**प्रिन्सीपल**

**रामकृष्ण तिमल्सिना**
**अध्यक्ष, विद्यालय व्यवस्थापन समिति**

**दिनेशप्रसाद भण्डारी**
**अध्यक्ष, विद्यालय सञ्चालक समिति**

**एवम् बालजागृति इंग्लिस सेकेण्डरी स्कूल परिवार**
**हेटौंडा-२, मकवानपुर**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# सहज बन्दै खेल प्रतियोगिता

विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय खेलमा सहभागी हुन सफल खेलाडी उत्पादन गरिरहेको हेटौंडामा खेल गतिविधि पनि वृद्धि भइरहेको छ । स्तरीय र पर्याप्त खेल पूर्वाधारको कमी रहेकै अवस्थामा हेटौंडामा खेलकुदका बाक्लै प्रतियोगिताहरु भइरहेका छन् । बागमती प्रदेशको राजधानी भएसँगै हेटौंडामा खेल प्रतियोगिताहरु बढ्न थालेका हुन् । फुटबल, भलिबल, रग्बी र मार्शल आर्टस्का विभिन्न प्रतियोगिता हेटौंडामा आयोजना भइरहेका छन् । स्थानीयस्तरमा विभिन्न खेल प्रतियोगिता व्यापकरुपमा भइरहेका छन् भने प्रदेशस्तरीय र राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने क्रम पनि बढिरहेको छ । खेलकुदका लागि आवश्यक पूर्वाधार र खेल प्रतियोगिताहरु नहुँदासमेत विभिन्न खेलका थुप्रै चर्चित खेलाडी उत्पादन भएको हेटौंडामा पछिल्लो समय खेल पूर्वाधार निर्माण र खेल प्रतियोगिता आयोजनामा भइरहेकाले थप खेलाडी उत्पादन हुने सम्भावना बढेको छ ।

अहिले हेटौंडामा छैटौं संस्करणको मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता भइरहेको छ । विभागीय टोली, ए डिभिजन क्लब, विदेशी क्लब र स्थानीय क्लबसमेत १२ टिमको सहभागिता रहेको गोल्डकप हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भइरहेको छ । आगामी माघ २७ गते फाइनल प्रतिस्पर्धा हुने प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ पुरस्कार पाउनेछन् । करिब डेढ दशकअघि केन्द्रीय खेलकुद प्रतिष्ठानको रुपमा शिलान्यास गरेको गौरीटार रंगशाला निर्माणमा बागमती प्रदेश सरकारले पनि महत्वका साथ बजेट विनियोजन गर्दै आएका कारण पछिल्लो समय खेल प्रतियोगिताका लागि सहज बन्न थालेको छ । विगतमा हेटौंडा-४ को हुप्रचौर र वन विज्ञान अध्ययन संस्थानको खेलमैदानमा यस्ता प्रतियोगिता हुने गरेको थियो । करिब दुई वर्ष अघिबाट पिप्ले क्याम्पा रंगशालामा फुटबललगायतका खेल प्रतियोगिता हुने गरेकोमा अब गौरीटार रंगशालासमेत खेल प्रतियोगिता गराउन मिल्ने बनेपछि हेटौंडामा खेलको विकास हुने सम्भावना बढेको हो ।

देशकै मध्यभागमा रहेको र संघीय राजधानीबाट नजिक भएका कारण हेटौंडामा आवश्यक खेल पूर्वाधार निर्माण भएमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न सहज हुने निश्चित छ । वि.सं २०४० सालमा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता आयोजना भएको हेटौंडाको गौरीटार रंगशालालाई गुरुयोजनाअनुसार निर्माण गर्ने हो भने हेटौंडाको खेल गतिविधि वृद्धि गर्न महत्वपूर्ण हुनसक्छ । २३ विगाह क्षेत्रफलमा फैलिएको उक्त रंगशालामा आवश्यक खेल पूर्वाधारहरु निर्माण भएमा हेटौंडामा थुप्रै खेलका आवासीय प्रशिक्षण तथा प्रतियोगिता सहज बन्नेछ । संघ, प्रदेश र स्थानीय सरकारका साथै विभिन्न खेल संघ तथा क्लबहरुले समेत सानातिना खेल पूर्वाधार निर्माण गरिरहेको सन्दर्भमा हेटौंडामा ठूला खेल पूर्वाधार निर्माणलाई प्राथमिकता दिनु आवश्यक छ ।

पर्याप्त खेल पूर्वाधार, विभिन्न खेलका प्रशिक्षक तथा समय-समयमा प्रतियोगिताहरु भइरहने हो भने प्रतिभावान खेलाडी उत्पादन गर्न सकिन्छ । खेल खेलेरै आफ्नो जीवनयापन गर्नसक्छु भन्ने आत्मविश्वास खेलाडीमा विकास गर्न सकेमा देशले अब्बल खेलाडी पाउन सक्छ । यसका लागि खेल क्षेत्रमा लगानी वृद्धि गर्नुका साथै खेलाडीको प्रशिक्षण र सुविधामा ध्यान दिनुपर्छ । अहिले तयार भएका सिमित पूर्वाधारबाट खेल प्रतियोगिता आयोजना गर्न सहज बनिरहेको अवस्थामा स्तरीय खेलमैदान (रंगशाला) निर्माण भएमा खेल गतिविधि अझ सहज बन्ने निश्चित छ । हेटौंडामा विभिन्न खेलका दक्ष प्रशिक्षकसहित प्रशिक्षण केन्द्रहरु निर्माण गर्न र खेल प्रतियोगिता सञ्चालनका लागि स्तरीय खेलमैदान निर्माण गर्न सबै तहका सरकारले समन्वयात्मकरुपमा काम गर्नु आवश्यक छ । यसो भएमा हेटौंडा देशकै खेलकुदको प्रमुख केन्द्रसमेत बन्न सक्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : भेटघाटमा रमाइलो बढ्ने समय छ ।
**वृष** : शुभचिन्तकहरुले सहयोग पुऱ्याउने समय ।
**मिथुन** : थोरै परिश्रमले बढी आय हुने योग छ ।
**कर्कट** : पैतृक सम्पत्तिका विषयमा चर्चा बढ्ला ।
**सिंह** : सम्मान र प्रतिष्ठामा वृद्धि हुने समय छ ।
**कन्या** : व्यापार–व्यवसायमा लगानी बढ्ने समय छ ।
**तुला** : परिवार र आफन्तसँग मनमुटाव भनाभनी चल्ला ।
**वृश्चिक** : मान–सम्मानमा वृद्धि भएर जाने योग छ ।
**धनु** : न्यायिक काममा विजय हाँसिल होला ।
**मकर** : बौद्धिक कार्यमा सरिक भइने समय योग छ ।
**कुम्भ** : राजनीतिक काममा आलोचित बनिएला ।
**मीन** : नोकरीमा मान– सम्मान प्राप्त योग रहला ।

# नागरिक शिक्षामा देखिएका असर



✍राजु प्रसाद गौतम

नागरिक शिक्षा भनेको नागरिकलाई अधिकार, कर्तव्य र जिम्मेवारीप्रति सजग गराउने एक महत्वपूर्ण प्रक्रिया हो । यो स्वशासनको शिक्षा हो । यसले एकातर्फ व्यक्तिलाई सशक्त बनाउँछ भने अर्कोतर्फ स्वव्यवस्थापन र स्वनियन्त्रण गर्न सक्ने क्षमताको विकास गर्दछ। नागरिक शिक्षाले नागरिकलाई सार्वजनिक जीवनमा प्रभावकारी सहभागिताको वकालत गर्दछ । यसको लोकतन्त्रसँग घनिष्ठ सम्बन्ध रहेको हुन्छ । देशको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा नेतृत्व प्रदान गर्न सक्ने सक्षम र आदर्श नागरिक तयार पार्नु नागरिक शिक्षाको मूल उद्देश्य हो। एक असल नागरिकका लागि चाहिने ज्ञान, सीप, दक्षता, ऊर्जा, साहस, त्याग, धैर्यता, सेवाभाव, लगायतका विषयहरू नागरिक शिक्षाले समेटेको हुन्छ। समग्रमा असल नागरिक निर्माण गरी लोकतन्त्र र व्यक्तिगत स्वतन्त्रताको संरक्षण, सम्वर्धन र प्रवर्द्धनमा मद्दत पुऱ्याउनकै लागि नागरिक शिक्षा चाहिएको हो ।

नागरिक शिक्षाले आफू, आफ्नो समाज र राज्यप्रति प्रत्येक व्यक्तिको अधिकार र कर्तव्यका कुरा गर्दछ। सर्वप्रथम व्यक्तिले आफ्ना अधिकार, जिम्मेवारी, उत्तरदायित्व, कर्तव्य, आचरण र जवाफदेहीताका बारेमा बुझ्नुपर्दछ । दोस्रो, अन्य व्यक्तिहरुप्रतिको सम्मान, हित, सद्भाव, नैतिकता, अनुशासन, आपसी विश्वास, विविधता उपर हुनुपर्ने सम्मान लगायतका कर्तव्यहरूको विषय बुझ्नुपर्दछ। यसैगरी तेस्रो, राज्यप्रति रहने कर्तव्यहरू जस्तो राष्ट्रियता, राष्ट्रिय एकताप्रतिको गौरव भाव, कानुन निर्माणमा सहभागिता र सो को पालना, लोकतन्त्रप्रतिको निष्ठा, कला, साहित्य र संस्कृति संरक्षण आदि लगायतका विषयहरूले स्थान पाउँछन् । अतः यिनै अधिकार र कर्तव्यको बोध गराउने विषय नै नागरिक शिक्षा हो । नागरिक शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । यसको क्षेत्र अत्यन्त विशाल छ । मूलतः औपचारिक र अनौपचारिक गरी नागरिक शिक्षाका दुई विधिहरु हुन्छन् भने राजनैतिक, नैतिक, सामाजिक, विकास र व्यक्तित्वका आयामहरुमा यसको विश्लेषण, व्याख्या र सिकाई गराइन्छ ।

देश निर्माणका लागि बहुआयामिक क्षमता भएका, गतिशील, सक्षम र चरित्रवान नागरिकको ठूलो महत्व रहेको हुन्छ । शिक्षित र योग्य नागरिक कुनै पनि राष्ट्रका सम्पत्ति हुन् । सर्वप्रथम राज्य संयन्त्रको नीतिगत र व्यवस्थापकीय तहमा नागरिक सक्षमता अभिबृद्धि गर्ने र तिनलाई अवसर दिई राज्यभित्रै रोकेर राख्ने वातावरणको सृजना गर्न सके मात्र देश समृद्ध बन्छ भन्ने कुरा बुझ्न जरुरी छ । विडम्बना भन्नुपर्छ हामीकहाँ न त क्षमतायुक्त मानव संसाधन तयार गर्ने वैज्ञानिक शिक्षा पद्दति छ न त तिनलाई उपयुक्त अवसर दिई रोकेर राख्ने संयन्त्रहरू निर्माण भएका छन् । राज्यले नीतिहरू बनाइरहँदा वैदेशिक रोजगारीका लागि फ्री भिसा फ्री टिकटलाई जति महत्व दिएको देखिन्छ, सोही अनुरूप देशभित्रै उद्योग, कलकारखानाहरू खोली रोजगारी र स्वरोजगारीका अवसरहरू सृजना गरी आत्मनिर्भर हुनुपर्छ भन्ने तर्फ पर्याप्त ध्यान पुऱ्याउन सकेको देखिँदैन हो, नीतिहरूको सो पानमा सबैभन्दा माथि राजनीति रहन्छ । तसर्थ तपसिलका नीतिहरूका बारेमा बढी टीकाटिप्पणी भन्दा देशका युवाहरूलाई राजनीतिक दलहरूबाट के कस्तो दिशा निर्देश भइरहेको छ, प्रत्येक दलहरूले आफ्ना कार्यकर्ताहरूलाई कस्तो स्कुलिङ दिइरहेका छन् ।

हाम्रो चुनाव प्रणालीमा कार्यकर्ता परिचालन के कसरी भइरहेको छ, कस्तो प्रतिस्पर्धा र रणनीतिलाई हामी अवलम्बन गरी-गराइरहेका छौं, सो मार्फत आम नागरिक, कार्यकर्ता र समाजमा कस्तो छाप, चेतना वा शिक्षा गइरहेको छ उक्त विषयहरू बढी सोचनीय देखिन्छन्। हामीले आदर्श नागरिक निर्माणका सन्दर्भमा राजनीतिक हिसाबले कस्तो मार्गदर्शन गरि रहेका छौं, कस्ता राजनीतिक कार्यकर्ता निर्माण गरिरहेका छौं । विचार गर्नुपर्ने कोही राजनीतिक कार्यकर्ताहरूलाई पार्टीहरुले दिने प्रशिक्षण र हाम्रो परिवार, समाज र शैक्षिक संस्थाहरूले प्रदान गर्ने सिकाइ केकस्तो स्तर, गुणको छ। देशप्रति, आफैंप्रति, इतर गुट वा दलप्रति र समाजका अरू मानिसहरूप्रति कस्तो सोच सहितका युवाहरूलाई हामी प्रोत्साहित गरिरहेका छौ । हाम्रो राजनीतिक संस्कार कस्तो छ ? पार्टी भित्र आलोचनालाई हामीले कस्तो स्थान दिएका छौं ? के आलोचनात्मक चेतना नभएको कार्यकर्ताले भोलिको पार्टी र देशलाई सही मार्गमा लिएर हिँड्न सक्ला ? आफू र आफ्नो गुट वा पार्टीको मात्र हित हेर्ने कार्यकर्ताले समग्र समाज र राष्ट्रको उन्नति र विकासमा कति योगदान गर्न सक्छ ? उसकै नेतृत्वमा लामबद्ध युवाले के कस्तो ज्ञान लिएर भोलिका दिनमा देशलाई समृद्धिको दिशामा अघि बढाउला त ? समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन लक्ष्य हासिल गर्न यस्तै संस्कारले कसरी सम्भव होला र यदि सुधारिनु पर्ने महसुस हुन्छ भने बिचमा रहेका तगाराहरू केछन् रु समयमै हटाइ अघि बढौँ ।

नागरिकलाई एक परिपक्व नागरिक बनाउन कानुनप्रतिको आदरभाव सिकाउन जरुरी देखिन्छ। कानुन सबैका लागि समान हो । यसको परिपालनाले मात्र समाजमा अमन-चयन कायम रहन्छ, जसले देशलाई समृद्धिको दिशातर्फ उन्मुख गराउन मद्दत पुऱ्याउँछ । सानालाई ऐन ठुलालाई चैन हुने गरी कानुन पालनाको परिपाटीले अन्ततः समाजमा आक्रोश र असन्तुष्टि बढाउँछ। कालान्तरमा यसले नकारात्मक परिणाम ल्याउने जोखिम बढेर जान्छ ।

हाम्रो शिक्षा पद्दति र राजनैतिक जागरणले युवा जनशक्तिलाई कुन बाटोमा हिँडाइरहेको छ । यस विषयमा गहन चिन्तन नगरी नागरिक शिक्षा र कर्तव्यका मोटा पुस्तकहरूले व्यवहारिक ज्ञान दिन सक्दैनन् । हाम्रो विश्वविद्यालयको शिक्षा प्रणालीले कुनै एक युवालाई स्नातकोत्तर गरिसकेपछि के कार्यका लागि तयार गऱ्यो र अब उसले जीविकोपार्जन सहजै गर्न सक्छ भनी ग्यारेन्टी गर्ने आधार केही देखिँदैनन् । कति स्नातकोत्तर वा शैक्षिक युवाहरु छन् र तिनको देशभित्रै रोजगारी वा स्वरोजगारी अवस्था के छ यी विषयहरुका बारेमा राज्यसँग तथ्याङ्कहरू छन् या छैनन्, यदि छैनन् भने के कस्तो मानव संसाधन योजना तयार होला र सो को कार्यान्वयन कसरी हुने हो, सो बाट राज्यले कस्तो प्रतिफल हाँसिल गर्ला सोचनीय विषय बन्न सक्छ ।

मध्यम वर्गीय एक युवाले जेनतेन गुजारा गर्दै उत्कृष्ट नम्बरका साथ स्नातकोत्तर गरिसकेपछि जागिरका लागि लोकसेवा आयोगको गाइड पढ्न बाध्य छ । लोकसेवाको पाठ्यक्रम र उसको विश्वविद्यालयको पाठ्यक्रम बीचमा तालमेल नहुँदा फेरी पनि कडा मिहिनेत नगरी सेवा प्रवेश गर्न कठिन छ । प्रारम्भिक परीक्षादेखिका विभिन्न प्रावधानहरूलाई सम्बन्धित निकायले आआफ्नै कोणबाट पुष्ट्याइँसहित ठिक गरेका छौं । यसको विकल्पै छैन त भन्ला, तर एकपटक आम परीक्षार्थीको नजरबाट हाम्रो विभिन्न पदहरूको पाठ्यक्रम, परीक्षा प्रणाली र कार्यसम्पादनका बीचको तालमेल हेर्दा के हामी सही मार्गमै छौं त ? हामी सुधारिनु पर्थ्यो भने किन त्यसको भार आम परीक्षार्थीलाई पार्ने ? उमेर र पारिवारिक तथा मनोवैज्ञानिक दबाबका बीच उसले लोकसेवा तयारी गरी पास भई सेवा प्रवेश गऱ्यो भने त देशभित्रै भविष्य देख्ला । मौजुदा कर्मचारीतन्त्रको सेप र साइजमा ढालिएर, पदेन बुद्धिसँग मत मिलाउँदै, किन चाउरिस मरीच आफ्नै पिरले' भन्ने उखानमा जस्तै आफ्नो अधिकतम क्षमताको उपयोग गरेर कार्यसम्पादन नगरे पनि निरन्तरतासम्म देला । उसको चाहना हुँदाहुँदै पनि विभिन्न परिवेशका बाध्यताहरूले लोकसेवा सफल हुन सकेन भने कति अवधि कुरिरहने भनी अन्ततः उसको गन्तव्य बिदेशयात्रा वा अरु नै केही हुन्छ, त्यसपछि फेरि सङ्घर्ष सुरु नगरी सुख त टाढाको कुरा जीवनयापन समेत हुँदैन ।

के यही नै हामीले खोजेको हो वा हैन भने के हो रु हाम्रो शिक्षा प्रणाली र रोजगार पद्दति बीच कहाँ किन तालमेल मिलिरहेको छैन ? निर्णायक तहमा रहनेहरुले सोच्ने बेला आएको छ । राज्यले नागरिकलाई निश्चित अधिकार र कर्तव्यको प्रत्याभूत गरेको हुन्छ । व्यक्तित्व विकास र निर्बाध जीवनयापनका लागि नागरिकलाई कानुनद्वारा प्रत्याभूत र समाजद्वारा स्वीकृत अधिकारहरु प्राप्त हुन्छन्। प्राकृतिक, नैतिक र कानुनीअधिकारहरुको सन्तुलित प्रयोगबाट मात्र नागरिकले समाजमा सम्मानित जीवन बाँच्न सक्दछ । फेरी अर्को विषय के स्पष्ट हो भने संविधानका सुनौला अक्षरहरूमा र ऐन कानुनका प्रावधानहरुमा अधिकार र कर्तव्यका कुरा लेख्दैमा पूरा हुने विषय भने होइनन् । कर्तव्य त हामी प्रत्येकले आआफ्नो क्षेत्रमा कति प्रतिबद्ध भई कार्य जिम्मेवारी निर्वाह गर्यौ अनुभूत गर्ने विषय हो । हाम्रा संयन्त्रहरू कति कर्तव्यउन्मुख छन् र जिम्मेवारी निर्वाह गरिरहेका छन् । हाम्रो परिवेश, राजनीतिक संस्कार, शिक्षा प्रणालीहरूले नागरिकलाई कर्तब्यबोध गराउन के कति भूमिका खेलेका छन् मनन् गरौं। स्वाभाविक रूपमा लोकतन्त्रमा नागरिक स्वतन्त्रता सर्वप्रिय बस्तु हो । यसको महत्व उपभोग गरिरहँदा भन्दा जुन दिन कटौती हुन्छ त्यस दिन मात्र ज्यादा अनुभूत हुने गर्दछ । स्वतन्त्रता र अधिकारको उपभोगमा खासगरी इलाइट वर्गले जिम्मेवारी र कर्तव्य भुल्न थालेको देखियो, जुन राम्रो सङ्केत होइन । आफूले स्वतन्त्रताको निर्बाध उपभोग गर्न चाहने र अधिकार पर्याप्त खोज्ने तर अरूको आत्मसम्मानमा चोट पुऱ्याउने, बेवास्ता गर्ने कार्यहरू शक्ति र श्रोतमा पहुँच भएकाले गरेको देखिँदा आम नागरिकलाई राज्यप्रति अपनत्व बोध हुन सकिरहेको छैन । हुने खानेको पक्षबाट मात्र राज्य क्रियाशील रहने हो भने हुदाँ खानेको अवस्था के हुने र आगामी दिनमा झन् कस्तो हुँदै जाने रु तसर्थ अधिकारका झन्डा र ब्यानरहरू उचालिरहँदा कर्तव्यको डोरी चुँडियो भने भोलि सकस नपर्ला भन्न कसरी सकिएला र ।

कर्तव्य र जिम्मेवारीहरूलाई जीवन पद्दतिकै रूपमा लिई अनुशरण गर्ने बानी पार्न अब ढिला गर्न हुँदैन । नागरिकलाई आफू, परिवार, दल वा सङ्गठन र सो भन्दा माथि राष्ट्र हुन्छ भन्ने अनुभूत गराउनु दल तथा हामी सबैको चासो र चिन्ताको विषय हो । राष्ट्रप्रति गौरवको भावना जागृत गर्ने र हरेक नागरिक आफैमा बर्दी बिनाका देशका रक्षक हुन् भन्ने भावनाको विकास कसरी गर्ने हो ? सोच त्यतातर्फ केन्द्रित गर्नुपर्नेछ। राष्ट्रिय झन्डा, गान, भाषा, संस्कृति, राष्ट्रियता, शहीद, कमजोर वर्गको कल्याण, सहिष्णुभाव, राज्यलाई समयभित्रै कर तिर्ने विषय र मतदानमा भाग लिने विषय जस्ता कर्तव्य एवं राष्ट्रिय एकता र अखण्डताका प्रतीकहरू किन बिस्तारै कम महत्वका र कमजोर हुँदै गए ? यसतर्फ नेतृत्व र राज्यका जिम्मेवार संयन्त्रहरूले खोजी गर्नुपर्ने होइन र ? विक्रम संवत् २०७२ सालमा जारी नेपालको संविधानको धारा ४८ मा प्रत्येक नागरिकको कर्तव्य किटान गरिएको छ । राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु आदि विषयहरू नागरिकका कर्तव्यका रूपमा मूल कानुनमा उल्लेख गरिएको छ । नागरिक कर्तव्य आफैमा फराकिलो विषय हो ।

संविधानमा रहेका सूचना, सञ्चार, शिक्षा, भाषा, संस्कृति लगायतका बृहत्तर मौलिक हकहरूले नागरिक चेतना र शिक्षाको विकासका क्षेत्रमा अग्रगामी रहेको देखिए तापनि यिनको पालना के कस्तो अवस्थामा छ विश्लेषण गर्न जरुरी छ । समानुपातिक निर्वाचन पद्दति अनुशरण गर्दै समावेशी लोकतन्त्र आर्थिक, सामाजिक राजनीतिक उद्देश्य संविधानमै किटान गरिनुले मात्र हाम्रा अपेक्षा पूरा भएका हुन् वा तिनको कार्यान्वयनको पाटो केलाउन पनि जरुरी छ, खोजी गरौँ ।

नागरिक कर्तव्यको कुरा संविधान ऐन कानुनमा राखेर मात्र उद्देश्य पुरा हुने होइन । यसले त नागरिकको देशप्रतिको प्रेम भाव, भक्ति, स्वाभिमान, आस्थालाई सङ्केत गरिरहेको हुन्छ सोको पालनाले थप परिष्कृत गराउँदै लैजाने विषय हो । निजामती सेवा ऐन, २०४९ र अन्य सम्बद्ध ऐन कानुन बमोजिम कर्तव्य निर्वाहका क्रममा प्रत्येक निजामती कर्मचारीले आफ्नो सेवा रपद अनुकूलको आचरणसमेत पालन गर्नुपर्ने व्यवस्था छ। कर्मचारीले आफ्नो कार्यालयमा काम गर्दा सबैप्रति शिष्ट र मर्यादित व्यवहार गर्नुपर्ने, आफ्नो कार्यालय तथा पदअनुसार आइपर्ने जिम्मेवारीलाई मर्यादापूर्वक बहन गरी निष्पक्ष, स्वच्छ तथा छिटो छरितोरूपमा कार्यसम्पादन गर्नुपर्ने लगायतका विषयहरू राखिएका छन् । अन्य विभिन्न सेवा समूहका सन्दर्भमा समेत क्षेत्रका ऐननियमको परिधिभित्र रही आचरण र कर्तव्यका विषयहरू उल्लेखित छन् । तथापि निजामती सेवा ऐन आफैमा माउ कानुन भएकोले पनि यसका प्रावधानलाई नै केन्द्रमा राखेर अरू कानुन नियम निर्देशिका मापदण्ड तयार गरिन्छन् ।

अतः नागरिक कर्तव्य निर्वाहका सम्बन्धमा संविधान, राजनीतिक दलहरूले पार्टी सञ्चालन र कार्यकर्ताका लागि स्थापित गरेका आचरणहरू र निजामती सेवा ऐन प्रमुख हुन् । अरू सम्बद्ध कानुन, ऐन, नियम, निर्देशिकाहरु, मापदण्डहरूको परिधिभित्र रही कार्यसम्पादन भइरहे पनि सुधारका लागि अझै धेरै गर्न बाकी नै छ ।

अन्त्यमा, सुधार आम नागरिकको पाटोबाट खोजिनु पर्ने हो तथापि राजनीतिज्ञ र कर्मचारीतन्त्र जसले राज्यको श्रोत सम्पत्ति अधिकार र शक्तिमा पहुँच राखेका हुन्छन्, क्षेत्रको सुधारले अरू तमाम नागरिकलाई समेत कर्तव्य निर्वाह गर्नमा दबाब पैदा गर्दछ। कमजोर देखिएका विषयहरु जस्तो इमान्दारिता र नैतिकताको विषय, अधिकारमुखी प्रवृत्ति, कसै उपरको अन्यायमा मौन रहने संस्कृति, मताधिकारको महत्वबोध नगरिनु, दण्डहीनता, सभ्य संस्कार विकास नहुनु, राज्य दोहन र कमाऊ प्रवृत्ति लगायतका विषयहरूमा सुधार ल्याउने एक मात्र विषय नागरिक शिक्षा र कर्तव्य पालन भएकोले यसतर्फ सबै राजनीतिक दलहरू, राज्य संयन्त्रर आम नागरिकको ध्यान जान जरुरी देखिन्छ ।

नागरिक शिक्षाका लागि अध्ययनको मनोविज्ञान आवश्यक छ । अध्ययनको मनोविज्ञान निर्माण गर्न प्रातः काललाई नबिर्सने, मनलाई सकारात्मक र हरदम खुशी राख्ने, अध्ययनप्रति पूर्ण श्रद्धाभाव राख्ने, आफूमा रहेको विषयगत अज्ञानताको बोध गर्ने, आवश्यक मनोरञ्जन गर्ने, मष्तिष्कलाई बिश्राम दिने, मनलाई नियन्त्रणमा राख्ने, बिषयगत रुचीलाई ध्यानमा राख्ने, जिज्ञासु हुने, आत्मविश्वास बढाउने, सदैव आशावादी र उत्साही हुने, अध्ययनमा बिषयगत विविधता ल्याउने, अध्ययनको उद्देश्य निर्धारण गर्ने, वातावरणलाई अनुकुल राख्ने, मैले पढ्ने छु भनेर संकल्प गर्ने, मष्तिस्कलाई बसमा राख्ने, अध्ययनको निरन्तर अभ्यास गर्ने, जटिलताबाट मुक्त हुने, सारांसमा भन्दा नागरिक शिक्षा भनेको नागरिकको अधिकार र कर्तव्यसहित नागरिकलाई सवल र

....बाँकी पृष्ठ ३ मा

# बकैयामा कला साहित्य महोत्सव हुँदै

समाज संवाददाता

हेटौंडा: मकवानपुरको बकैया गाउँपालिका-९, शिखरपुरको कालीदेवी माध्यमिक विद्यालयमा दुई दिने कला साहित्य महोत्सव हुँदैछ। झरना साहित्यिक परिवार मकवानपुरको आयोजनामा कला साहित्य महोत्सव-२०८० हुने भएको हो।

फागुन ११ र १२ गते बकैया गाउँपालिकामा साहित्य महोत्सवका साथै पुरस्कार वितरण कार्यक्रम हुने झरना साहित्यिक परिवार मकवानपुरका सचिव मसान उपासकले जानकारी दिनुभयो। सोमबार झरना साहित्यिकको भवनमा भएको पत्रकार सम्मेलनमा सचिव उपासकले कार्यक्रमको पहिलो दिन बालबालिकासम्बन्धी विभिन्न नवसर्जकको कविता, चित्रकला प्रतियोगिता, नवसर्जककाको रचना वाचन, विभिन्न जातजातिको झाँकी र भेषभुषासहित नृत्य प्रस्तुतिकरण र बालबालिका विशेष बहस हुने बताउनुभयो। कार्यक्रमको दोस्रो दिन बकैयाको महत्वसम्बन्धी बकैया तथा बाहिरका बासिन्दाहरुको रचना वाचनको एउटा सेसन हुनेछ भने गजल, कविता, मुक्तकको अर्को सेसन हुनेछ।

महोत्सवमा झरना साहित्यिक परिवारले विभिन्न ९ वटा साहित्यिक संस्थालाई पुरस्कार प्रदान गर्नेछ। गाउँपालिकामा हुने कार्यक्रममा साहित्यमा योगदान गरेबापत डा. गीता त्रिपाठीलाई २१ हजार १ सय २१ राशिसहितको होमनाथ-टीकामाया प्रतिभा सम्मान-२०८० प्रदान गरिनेछ। यस्तै, मुक्तकमा योगदान गरेबापत खोटाङका बाबुराम पोखरेललाई १५ हजार ५ सय ५५ राशिसहितको शिव-सावित्री अधिकारी स्मृति मुक्तक सम्मान-२०८० प्रदान गरिनेछ। जिल्लामा साहित्यिक संस्था स्थापना र जगेर्ना गर्न योगदान गरेबापत साम्ब ढकाललाई १५ हजार ५ सय ५५ रुपैयाँ राशिको बाबुलाल-भोजमाया स्मृति साहित्य सम्मान-२०८० र साहित्यमा योगदान गरेका युवा साहित्यकार मिलन समिरलाई ७ हजार ७ सय ७७ राशिसहितको खडानन्द-मनमाया प्रतिभा सम्मान-२०८० प्रदान गरिने भएको हो।

कार्यक्रममा मकवानपुरका महिला गजलकार विमला कार्की 'सुसं'लाई ७ हजार ७ सय ७७ राशिसहितको सुशीला दङ्गाल स्मृति सिर्जनशील नारी सम्मान-२०८० र मकवानपुरको साहित्य सेवी रहेबापत भरत प्रसादलाई ७ हजार ७ सय ७७ राशिसहितको सञ्जीवनी बुटी साहित्य सेवा सम्मान-२०८० प्रदान गरिनेछ। मकवानपुरमा पत्रकारिताको माध्यमबाट सहयोग गरेबापत पत्रकार रामकुमार एलनलाई १ हजार १ सय ११ रुपैयाँसहितको गोकर्ण गौतम स्मृति पत्रकारिता सम्मान-२०८० र बकैयाका नवप्रतिभाको सम्मान गर्ने हेतुले स्थापित गजलकार अजर फुयाँललाई ५ हजार ५ सय ५५ रुपैयाँ राशिको झरना-बकैया नवप्रतिभा पुरस्कार-२०८० प्रदान गरिनेछ। बकैयामा रहेका ललितकलाका क्षेत्रमा योगदान गरेबापत बाँसुरी बादक विष्णु घतानीलाई ७ हजार ७ सय ७७ राशिसहित खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मान-२०८० प्रदान गरिने भएको हो।

महोत्सवको पहिलो दिन गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले उद्घाटन गर्नुहुनेछ भने दोस्रो दिन गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले उद्घाटन गर्नुहुनेछ। झरना साहित्यिक परिवारको आयोजनामा भएको महोत्सवमा गाउँपालिकाको साहयोग रहेको छ। सचिव उपासकका अनुसार पुरस्कारबाहेक कार्यक्रममा ५ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकको छ।

# एकै दिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा: विभिन्न घटनामा एकै दिन ३ जनाको मृत्यु भएको छ। बागमती प्रदेशको सिन्धुपाल्चोक, चितवन र रामेछाप जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका-७, चनौटेमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा नयाँबजार बस्ने ६१ वर्षीय शरणकुमार दंगाल रहेको प्रहरीले जानकारी दिएको छ।

दंगाल आइतबार दिउँसो १ बजेर ४५ मिनेटको समयमा आफ्नै घरबाट २ सय मिटर पर मेलम्ची हेलम्बु सडकको नालीमा मृत अवस्थामा फेला परेका थिए। मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि नगर अस्पताल मेलम्ची लगिएको प्रहरीले जानकारी दिएको छ

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, शहीदचोकमा एक जना भारतीय नागरिकको मृत्यु भएको छ। मृत्यु हुनेमा भारत बेतिया घर भई हाल भरतपुर डेरा गरी बस्ने ५५ वर्षीय फुलदेव ठाकुर रहेको प्रहरीले जानकारी दिएको छ। ठाकुर आइतबार बिहान ७ बजेको समयमा एक्कासी बेहोस भई उपचारको लागि अस्पताल लैजादै गर्दा बाटोमा मृत्यु थियो। ठाकुर सोही ठाउँमा लामो समयदेखि कपाल काट्ने काम गर्दै आएको प्रहरीले जनाएको छ।

रामेछाप जिल्लाको लिखुतामाकोशी गाउँपालिका-६, बशेरीमा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३६ वर्षीय पूर्णबहादुर बरुवाल रहेको प्रहरीले जानकारी दिएको छ।

बरुवाल आइतबार दिउँसो २ बजेर ४५ मिनेटको समयमा घरदेखि पर रहेको बसेरी भिरबाट लडी घटनास्थलमा नै मृत्यु भएको थियो। मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि मन्थली अस्पताल लगिएको प्रहरीले जनाएको छ।

# ४१ जनाको आँखामा मोतिविन्दु पहिचान

समाज संवाददाता

हेटौंडा: हेटौंडाका लायन्स क्लबहरुको संयुक्त आयोजनामा सोमबार २ स्थानमा नि:शुल्क आँखा शिविर भएको छ। हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा सर्लाहीको रामनगर र मकवानपुरको बुढीचौरमा आँखा शिविर भएको हो।

दुबै ठाउँमा भएको शिविरमा आँखा जाँच गराएका मध्ये ४१ जनाको आँखामा मोतिविन्दु पहिचान भएको हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो। बुढीचौरमा भएको नि:शुल्क आँखा शिविरमा एक सय २४ जनाले आँखा जाँच गराएका थिए। जाँच गराएका मध्ये ११ जनामा मोतिविन्दु देखिएको श्रेष्ठले बताउनुभयो।

यस्तै, सर्लाहीको रामनगरमा भएको आँखा शिविरमा १ सय ५४ जनाको आँखा जाँच गरिएको छ। जाँच गराएका १ सय ५४ जनामध्ये ३० जनाको आँखामा मोतिविन्दु पहिचान भएको श्रेष्ठले बताउनुभयो।

लायन्स क्लबले ७ स्थानमा नि:शुल्क आँखा शिविर आयोजना गरेको छ। माघ २० गतेदेखि माघ २३ गतेसम्म विभिन्न स्थानमा नि:शुल्क शिविर भइरहेको हो। मोतिविन्दु देखिएका व्यक्तिलाई हेटौंडा सामुदायिक आँखा अस्पतालमा शल्यक्रिया गरी चस्मासमेत वितरण गर्ने बताइएको छ। आँखाका रोगीले उज्यालो संसार देख्न पाउन् भन्ने उद्देश्यले शिविर आयोजना भएको हो।

# स्थापना दिवसमा प्रभातफेरी

समाज संवाददाता

हेटौंडा: प्रेस चौतारी नेपालको २६ औं स्थापना दिवसको अवसरमा सोमबार हेटौंडामा प्रभातफेरीको आयोजना गरिएको छ। प्रेस चौतारी मकवानपुरको आयोजनामा हेटौंडाको सिमाचोकबाट शुरु भएको प्रभातफेरी बुद्धचोक परिक्रमा गरी पुनः सिमाचोकमा पुगेर सभामा परिणत भएको थियो।

कोणसभामा प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य एवम् मकवानपुर ईन्चार्ज हरि हुमागाईं, पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण सारु मगर, प्रेस चौतारी नेपाल बागमती प्रदेशका महासचिव प्रकाश दाहाल, पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष ध्रुव अधिकारी, प्रेस चौतारी नेपाल मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास विडारी लगायतले शुभकामना व्यक्त गरेका थिए।

# खेल्दै सिक्दै कार्यक्रमको प्रस्तुती हुने

समाज संवाददाता

हेटौंडा: कारखाना समूहले हेटौंडाका १० विद्यालयमा सञ्चालन गरेको खेल्दै सिक्दै कार्यक्रमको समापनको अवसरमा अन्तरक्रिया र प्रस्तुती गर्ने भएको छ। सोमबार हेटौंडामा पत्रकार सम्मेलन गरेर कारखाना समूहले करिब ७ महिनाको अवधिमा हेटौंडाका १० वटा विद्यालयमा भएको अभ्यासका विषयमा अन्तरक्रिया गर्दै खेल्दै सिक्दै कार्यक्रममा सहभागी शिक्षकको प्रस्तुती रहने जानकारी गराएको छ।

आगामी फागुन ४ गते हेटौंडा-१६, हटियास्थित जनप्रिय माविमा अन्तरक्रिया हुनेछ भने फागुन ५ गते हेटौंडा-५ स्थित रिगल हेटौंडा रिसोर्टमा खेल्दै सिक्दै कार्यक्रमको प्रस्तुती गर्नुहुनेछ। हेटौंडामा गत साउनदेखि विभिन्न १२ वटा पाठमा आधारित भएर शिक्षकहरुलाई अभिमुखीकरण गराइएको थियो। कारखाना समूहका कार्यकारी निर्देशक सचेत मानन्धरका अनुसार विद्यार्थीको प्रभावकारी सिकाइका लागि खेल्दै सिक्दै कार्यक्रम सञ्चालन गरिरहेको छ।

हेटौंडाका ३ वटा संस्थागत र ७ वटा सामुदायिक विद्यालयमा कारखानाको सहजीकरणमा खेल्दै सिक्दै कार्यक्रम सञ्चालन भइरहेको छ। हेटौंडाका विद्यालयहरुमा सञ्चालित कार्यक्रममा संयोजन गरिरहनुभएका हेटौंडा-१८, हटियास्थित जनप्रिय माविका शिक्षक युक्तलाल विश्वकर्माले कारखानाले करिब ७ महिनाको अवधिमा गरेको सहजीकरणले विद्यार्थीमा प्रभावकारी सिकाई सम्भव भएको र केही विद्यालयले यो अवधारणालाई निरन्तर लैजान सक्ने बताउनुभएको छ।


## बीमा पोलिसी हराएको सूचना

हेटौंडा-१५, शिखरपानी निवासी सत्कार स्याङतानको LIC शाखामा रहेको जीवन बीमा लेख (पोलिसी नं. १६०००६३८७) मिति २०८० साल माघ १५ गतेका दिन घरबाट बजार आउने क्रममा हराएको हुँदा कहिँकतै देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ।

सम्पर्क: ९८५५०७०११५



## मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले

श्री अभिभावक ज्यू,

विविध साँस्कृतिक कार्यक्रम तथा कला एवम् पुस्तक प्रदर्शनीसहित सम्पन्न हुन गइरहेको यस विद्यालयको १७ औं वार्षिक अभिभावक दिवसका अवसरमा उपस्थित भई नानीबाबुहरुको हौसला बढाइदिनुहुन हार्दिक आमन्त्रण गर्दछौं।

**कार्यक्रम:**

मिति: २०८० माघ २६ गते, शुक्रबार

समय: बिहान १०:३० बजे

स्थान: विद्यालयको प्राङ्गण


# नवज्योतिको अध्यक्षमा अधिकारी

समाज संवाददाता

हेटौंडा: हेटौंडा-७, नागस्वतीस्थित नवज्योति माविको व्यवस्थापन समिति अध्यक्षमा हेमप्रसाद अधिकारी चयन हुनुभएको छ। सोमबार वडाअध्यक्ष दामोदर गौतमको अध्यक्षतामा बसेको विद्यालय व्यवस्थापन समितिले अधिकारीलाई अध्यक्षको जिम्मेवारी दिने निर्णय गरेको हो।

माघ ६ गते भएको अभिभावक भेलाले अभिभावकबाट ४ जना सदस्य चयन गरेको थियो। अभिभावक भेलाबाट अभिभावक मध्येबाट अमृत बहादुर खत्री, निशा आले मगर, अनिता बजगाई र निर्मला आचार्य सदस्य चयन हुनुभएको थियो। शनिबार बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले हेमप्रसाद अधिकारी र शर्मिला थापा मगरलाई विद्यालय व्यवस्थापन समिति सदस्यमा मनोनित गरेको थियो। सोमबारको बैठकले अधिकारीलाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो।

२ सय २५ जना विद्यार्थी अध्ययनरत नवज्योति माविको शैक्षिक सुधारका लागि शिक्षक, कर्मचारी र समुदायको साथमा उपयुक्त योजना बनाएर कार्यान्वयन गर्ने नवनियुक्त अध्यक्ष अधिकारीले बताउनुभएको छ। नगर क्षेत्रका राम्रा विद्यालयसँग पनि सहकार्य गर्ने अधिकारीको भनाइ छ।

## नागरिक शिक्षामा

सक्षम बनाउन दिइने शिक्षा हो। यसको साथै असल र सक्षम शासन मार्फत जनता र राष्ट्रलाई सम्बद्ध बनाउन असल, सक्षम र कर्तव्यनिष्ट नागरिक निर्माण गर्ने शिक्षा नै नागरिक शिक्षा हो। यस्तो शिक्षा लिन र दिन सबै अध्ययनशील र व्यवहारिक हुनु अनिवार्य छ। अध्ययन, अध्यापन औपचारिक र अनौपचारिक दुवै हुन सक्छ। त्यसले केही फरक पार्दैन। तर औपचारिक शिक्षाका सबै विषयहरुमा नागरिक शिक्षाको मूल्य मान्यताहरुलाई समावेश गरेर प्राज्ञिक संस्था र व्यक्ति-व्यक्तिहरुले शैक्षिक तथा प्राज्ञिक अभियान सञ्चालन गर्न हो.भने असल नागरिक निर्माणको लागि ठूलो मद्दत पुग्न सक्छ। एउटा नागरिक अधिकारका लागि सचेत हुनु र अरुको अधिकारका लागि सजग हुनका लागि अधिकार शिक्षा वा नागरिक शिक्षा दुवैको अध्ययन, मनन र प्रयोग गर्नुले नै असल नागरिक निर्माण हुनसक्छ।




सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौ र सुनाऔं


# भिरबाट लडेर मृत्यु

समाज संवाददाता

हेटौंडा: मकवानपुर जिल्लाको कैलाश गाउँपालिकामा भिरबाट लडेर एकजनाको मृत्यु भएको छ। आइतबार राती कैलाश-७, चाइरडाँडाबाट करिब दुईसय मिटर तल खस्दा ५० वर्षीय आइतराम चेपाङको मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ। कैलाश-७, टुँड्इगुका चेपाङको कैलाश-३, कालिकाटार बजारबाट घरतर्फ फर्कने क्रममा गोरेटो बाटोबाट तल भिरमा लडेर मृत्यु भएको प्रहरीले जनाएको छ। सोमबार बिहान ११ बजेर ३० मिनेटको समयमा प्रहरी चौकी भार्ताबाट टोली खटी गएको बताइएको छ।


## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
- थाईराईड
- क्यान्सर
- रक्तअल्पता
- वाथरोग
- बाँझोपन
- भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समय: बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७





## मकवानपुर गोल्डकप

# त्रिभुवन आर्मीलाई हराउँदै राजारानी सेमिफाईनलमा




*म्यान अफ द म्याच त्रिभुवन आर्मीका गोल रक्षक दीप कार्कीलाई ट्रफी र नगद हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी छैठौँ संस्करणको मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको क्वाटरफाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई हराउँदै धनकुटाको राजारानी क्लब सेमिफाइनल प्रवेश गरेको छ । मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा हेटौंडा-६ स्थित गौरीटार रंगशालामा सोमबार भएको क्वाटर फाइनल खेलमा ३ पटकसम्म गोल्डकपको उपाधि विजेतासमेत रहेको विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई टाइब्रेकरमा ५-४ गोल अन्तरले हराउँदै गोल्डकपमा पहिलो पटक सहभागी धनकुटाको राजारानी क्लब सेमिफाइनलमा प्रवेश गरेको हो ।

निर्धारित समयमा १-१ गोलको बराबरीमा खेल रोकिएपछि नतिजाको लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो । टाइब्रेकरमा पनि बराबरीमा रोकिएपछि खेल सडन डेथमा पुगेको थियो । विभागीय टोली त्रिभुवन आर्मी क्लबको तर्फबाट पहिलो हाफको ११ औं मिनेटमा रासा बहादुर मगरले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । पहिलो हाफमा १-० गोल अन्तरले पछि परेको राजारानी क्लबको तर्फबाट विदेशी खेलाडी अजय मार्टीनले दोस्रो हाफको ८४ औं मिनेटमा गोल गर्दै खेललाई बराबरीमा ल्याएका थिए ।

टाइब्रेकरमा राजारानी क्लबका विशाल घलान, रुपेश केसी, दीप कार्की, प्रवेश दनुवार र उमेश कार्कीले प्रहार गरेको बल गोलमा परिणत भएको थियो । राजारानीका सुनिल खड्काको प्रहारलाई त्रिभुवन आर्मी क्लबका गोलरक्षक समीर श्रेष्ठले रोकेका थिए । राजारानीका अशोक खवासले प्रहार गरेको बल पोष्ट माथिबाट गएको थियो ।

यस्तै, त्रिभुवन आर्मी क्लबका जितेन्द्र कार्की, कमल थापा, रासा बहादुर मगर र विमल पाण्डेले प्रहार गरेको बल गोलमा परिणत भएको थियो भने श्रीराम चौधरी र बसन्त जिम्बाले प्रहार गरेको बल पोष्ट बाहिर गएको थियो । त्रिभुवन आर्मीका सिद्धान्त चौधरीको प्रहारलाई राजारानी क्लबका गोररक्षक दीप कार्कीले रोकिदिएका थिए । खेलको म्यान अफ द म्याच राजारानी क्लबका गोलरक्षक दीप कार्की घोषित भएका छन् । म्यान अफ द म्याच बन्न सफल भएका कार्कीले १० हजार रुपैयाँ प्राप्त गरे ।

प्रतियोगिताअन्तर्गत् मंगलबार अन्तिम क्वाटरफाइनल खेलमा सशस्त्र प्रहरीको एपीएफ क्लब र ललितपुरको थ्रीस्टार क्लबबीच प्रतिस्पर्धा हुनेछ । आउँदो बुधबार राजारानी क्लबले फाइनल प्रवेशका लागि न्युरोड टिम (एनआरटी) काठमाडौंसँग प्रतिस्पर्धा गर्नुपर्नेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ र उपविजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ३ सय ५० सीसीको बुलेट बाइक प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडीहरुले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

प्रतियोगिता आयोजनाका लागि बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय र प्रदेश खेलकुद विकास परिषद्, हेटौंडा उपमहानगरपालिकालगायत विभिन्न स्थानीय तहहरुबाट सहयोग प्राप्त भएको छ । यस वर्षको प्रतियोगिताको समापन कार्यक्रममा एक जना उत्कृष्ट सञ्चार कर्मीलाई ५० हजार राशिसहित सम्मान गरिने जनाइएको छ । प्रतियोगिताको फाइनल खेल माघ २७ गते हुनेछ ।

## आजबाट विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिता

# उद्घाटन खेलमा बालजागृति र जेनिथ भिड्ने



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा आज मंलबारबाट सुरु हुन लागेको दोस्रो संस्करणको स्वर्गीय निरज श्रेष्ठ स्मृति विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिताको तयारी पूरा भएको छ । सोमबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै जिल्ला क्रिकेट संघका सचिव विनोद बानियाँले प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिनुभएको छ ।

प्रतियोगिताको उद्घाटन खेलमा हेटौंडा-२ स्थित बालजागृति बोर्डिङ र हेटौंडा-५, पिप्लेस्थित जेनिथ इन्टनेशनल बोर्डिङबीच प्रतिस्पर्धा हुनेछ । मंगलबारकै दोस्रो खेलमा मकवानपुरगढी गाउँपालिका-३ स्थित भानु माध्यमिक विद्यालय बीच प्रतिस्पर्धा हुनेछ ।

क्रिकेट एसोसिएसन नेपालको आयोजनामा आगामी चैत महिनामा हुन लागेको क्रिकेट प्रतियोगिताका लागि यु-१६ टिम छनोट गर्नका लागि प्रतियोगिता आयोजना गर्न लागेको जिल्ला क्रिकेट संघका अध्यक्ष करण महत्रा क्षेत्रीले बताउनुभयो । लिग कम नआउटको आधारमा प्रतियोगिता सञ्चालनत हुनेछ । जिल्ला क्रिकेट संघका सदस्य सञ्जोक पोखरेलको संयोजकत्वमा हुने प्रतियोगितामा १३ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगितामा सहभागी भएका टिमहरुले प्राप्त गरेको अंकको अधारमा सेमिफाइनल र फाइनलमा प्रवेश गर्ने प्रतियोगिताका संयोजक पोखरेलले बताउनुभयो ।

प्रतियोगिता आयोजनाका लागि हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-२ स्थित बालजागृति बोर्डिङ, नारायणी यातायात प्रालि, सिद्धार्थ प्यालेस, हेटौंडा उपमहानगरपालिका वडा-२, विभिन्न स्थानीय निकाय र विभिन्न सहयोगी दाताहरुबाट सहयोग प्राप्त भएको उहाँले बताउनुभयो । गतवर्षको तुलना यस वर्षको प्रतियोगितामा पुरस्कार राशि बढाइएको छ ।

प्रतियोगिता आयोजनाका लागि करिब ६ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । प्रतियोगिताको उपाधि विजेता टिमले ४० हजार रुपैयाँ र उपविजेता टिमले २० हजार रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताका वेष्ट बलर र वेष्ट व्याट्सम्यानले ३ हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, प्रत्येक खेलको म्यान अफ द म्याच हुने खेलाडीका लागि हेटौंडा-४ स्थित क्वीक-२० पार्टी प्यालेस र हेटौंडा-१० स्थित रोड हाउस रेष्टुरेन्टले खाना र नास्ताको प्रायोजन गरेको छ ।

पहिलो संस्करणको प्रतियोगिताको उपाधि हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयले जितेको थियो भने उपविजेता हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी बनेको थियो । गत वर्ष ८ वटा निजी विद्यालय र ४ वटा सामुदायिक विद्यालय गरी १२ वटा विद्यालयको सहभागिता रहेको थियो ।

पत्रकार सम्मेलनमा जिल्ला क्रिकेट संघका पूर्वअध्यक्ष वासुलाल श्रेष्ठ, कोषाध्यक्ष धिरज श्रेष्ठ र जिल्ला अम्पायर सुनिल बर्तौलाको पनि उपस्थिति रहेको थियो ।

# अदालतको फैसला अटेर गर्दै हेटौंडा उपमहानगरपालिका

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले उच्च अदालत पाटन हेटौंडाको फैसला अटेर गर्दै आएको छ । हेटौंडा उपमहानगरपालिकाले बजार क्षेत्रको बाइपास सडक शुल्क नउठाउन आदेश दिएको थियो । तर, उपमहानगरपालिकाले सडक शुल्क उठाउँदै आएको छ ।

उपमहानगरपालिकाले सडक शुल्क उठाएको भन्दै उक्त कार्य रोक्न पहिलो पटक ईश्वर ढकालले उपमहानगर पालिकालाई विपक्षी बनाएर रिट दायर गर्नुभएको थियो । ढकालले दायर गर्नुभएको मुद्दामा २०७६ असार ११ गते न्यायाधीश पुष्पराज कोइराला र गोपाल भट्टराईको संयुक्त इजलासले निषेधाज्ञायुक्त परमादेश जारी गर्दै उच्च अदालत पाटनले शुल्क नउठाउन अन्तरिम आदेश जारी भएको थियो ।

दोस्रो पटक सडक शुल्कको विषयमा उर्मिला न्यौपानेले उपमहानगरपालिकालाई विपक्षी बनाएर मुद्दा दर्ता गर्नुभएको थियो । उक्त मुद्दाको सुनुवाई गर्दै अदालतले उत्प्रेषण निषेधाज्ञायुक्त परमादेश मुद्दामा २०७९ असार २२ गते उच्च अदालत पाटनले शुल्क नउठाउन अन्तरिम आदेश जारी भएको थियो ।

उक्त मुद्दामा अदालतको फैसलाको अपहेलना भएको भन्दै निरज मैनालीले हेटौंडा उपमहानगरपालिकालाई विपक्षी बनाएर मुद्दा दायर गर्नुभएको थियो । मुद्दाको सुनुवाई गर्दै माघ १४ गते अदालतको अबहेलना भएको भन्दै उच्च अदालत पाटन इजालसले उपमहानगर पालिकालाई राय किताबबाट १० हजार रुपैयाँ जरिवानाको फैसला गरेको छ । उक्त मुद्दाको फैसलाको पूर्ण पाठ आउन बाँकी रहेको छ । पूर्ण पाठ आएपश्चात् हेटौंडा उपमहानगरपालिकाले सडक शुल्क उठाउन पूर्णरुपमा बन्द गर्नुपर्नेछ । उच्च अदालत पाटन इजालसको अटेर गर्दै हेटौंडा उपमहानगरपालिकाले सडक शुल्क उठाउँदै आएको छ ।

उपमहानगरपालिकाले पूर्व-पशिचम महेन्द्र राजमार्ग हुँदै चल्ने सवारी साधनहरुलाई बाइपास संकेत गरी बसपार्कतर्फ आउने बाटोमा ढाट राखी रसिदमा सडक मर्मत सम्भार शुल्क उल्लेख गरी पटके सवारी कर असुली गरिरहेको छ । त्यसैगरी मदन भण्डारी लोकपथमा रहेको चुनडाँडा र हटिया चिसापानीमा पनि उपमहानगरपालिकाकै ठेक्का सम्भौताबमोजिम श्री गणेश कन्स्ट्रक्सनका कर्मचारीले पटके सवारी कर असुल गरिरहेका छन् ।

पटके कर उठाउने कार्य नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बिपरित रहेको भन्दै नेपाल सरकार मन्त्रिपरिषद्को २०७५ मंसिर १७ गतेको निर्णय र सो निर्णय कार्यान्वयनका लागि सबै स्थानीय तहमा २०७५ माघ ११ गते पत्राचारसमेत गरिएको थियो । यस्तै, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३(५), दफा ५(१) (क) र दफा ६ (क) बिपरित रहेकाले हेटौंडा उपमहानगरपालिकाले उक्त कर उठाउन नमिल्ने व्यवस्था रहेको छ । त्यसरी कर उठाउने कार्य स्थानीय कर सञ्चालन ऐन २०७४ को दफा ५४ र दफा ६४ समेतको बिपरित रहेको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र सो निर्णय कार्यान्वयनका लागि सबै स्थानीय तहमा भएको पत्राचारको नं. ६ मा पटके सवारी कर तत्काल खारेज गर्ने निर्णय भएको छ । उक्त निर्णयबमोजिम हेटौंडा उपमहानगरपालिकाले अनियमित तवरले गैरकानुनीरुपमा पटके कर उठाउँदै आएको छ ।

पूर्व-पशिचम राजमार्गअन्तर्गत् हेटौंडा बजार क्षेत्रको बाइपास सडक शुल्क उठाउन हेटौंडा उपमहानगरपालिकाले ई-बिडिङमार्फत् काठमाडौंको सुदिपा ट्रेडिङ कम्पनी प्रालिको प्रस्तावलाई स्वीकृत गरी सम्भौता गरेको छ । सुदिपाले ४ करोड २८ लाख ८६ हजार रुपैयाँ सडक शुल्क उठाउने सम्भौता गरेको हो ।

विदेशी टेलर/लहरी १० चक्के वा सो भन्दा बढीका लागि एक हजार रुपैयाँ कर उठाउँदै आएको छ । विदेशी बस/ट्रक १० चक्केभन्दा कम ६ चक्केसम्मका लागि छ सय रुपैयाँ कर उठाउने गरिएको छ । यस्तै, विदेशी मिनीबस/ट्रकका लागि तीन सय रुपैयाँ र बिदेशी जीप/कारलाई दुई सय रुपैयाँ कर लिने गरिएको छ ।

स्वदेशी बस, ट्रक, मिनिबस तथा माइक्रोबसहरुका लागि ३० रुपैयाँ रकम तोकिएको छ । सुदिपा ट्रेडिङले अग्रिम भुक्तानीस्वरुप सम्भौता रकमको २५ प्रतिशत हुन आउने एक करोड ७ लाख रुपैयाँ भुक्तानी गरिसकेको छ । राजमार्ग छेकेर बाइपास सडक प्रयोग गर्न बाध्य बनाउँदै सवारी साधनबाट कर असुली गरेको भन्दै विवादितसमेत बनेको बाइपास सडक कर हेटौंडा उपमहानगरको प्रमुख आयस्रोतको रुपमा रहेको छ ।

# प्रदेशस्तरीय जुनियर तेक्वान्दो प्रतियोगितामा हेटौंडाबाट २० जना छनोट

समाज संवाददाता

हेटौंडाः चौथो संस्करणको बागमती प्रदेशस्तरीय जुनियर आमन्त्रण तेक्वान्दो प्रतियोगिताका लागि हेटौंडा उपमहानगर पालिकाबाट २० जना खेलाडी छनोट भएका छन् । यही माघ २५ गतेदेखि २७ गतेसम्म काठमाडौंमा हुन लागेको मेयर कप तेक्वान्दो प्रतियोगिताका लागि महिला १० जना र पुरुष १० जना गरी जम्मा २० जना खेलाडीहरु छनोट भएका हुन् ।

छनोट हुनेमा महिलातर्फ निर्जला माझी, शितल बर्तौला, माधुरी घलान, सुहासना राना मगर, सुस्मा घलान, सुजना कुँवर, रोशनी मोक्तान र अनिशा बिक रहेका छन् । पुरुषतर्फ संयोग माझी, विवेक श्रेष्ठ, प्रिन्स शाह, कृष थिङ, असिम कुँवर, सुशान्त श्रेष्ठ, जेनिश कार्की र कार्साङ थिङ रहेका छन् । यस्तै, पुम्सेतर्फ चाँदनी हयु, सुहान गुरुङ, कविन राई र रोशनी राई रहेका छन् ।

हेटौंडा उपमहानगरपालिकाभित्रका खेलाडीहरुबीच प्रतिस्पर्धा गराई प्रत्येक तौल समूहमा प्रथम हुने खेलाडीहरुलाई छनोट गरिएको मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजीरत्न बज्राचार्यले जानकारी दिनुभएको छ । छनोट प्रतियोगितामा सहभागी भएका करिब ८० जना खेलाडीहरुमध्ये २० जनामात्र छनोट हुन सफल भएको अध्यक्ष बज्राचार्यले बताउनुभयो ।

सहभागी भएका खेलाडीहरुको प्रतिनिधित्व गर्न टिम कोचको रुपमा तेक्वान्दो कार्यसमितिका सचिव विक्रम लामिछाने र म्यानेजरको रुपमा रवीन्द्र डंगोल माघ २४ गते काठमाडौं जानु हुनेछ । प्रतियोगितामा बागमती प्रदेशभित्रका महानगरपालिका र उपमहानगरपालिकाका खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा पुरुषतर्फ २५ देखि २८ केजी तौल समूह, २८ देखि ३१ केजी तौल समूह, ३१ देखि ३४ केजी तौल समूह, ३४ देखि ३८ केजी तौल समूह, ३८ देखि ४२ केजी तौल समूह, ४२ देखि ४६ केजी तौल समूह, ४६ देखि ५० केजी तौल समूह र ५० देखि ५४ केजी तौल समूहका खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ । महिलातर्फ २३ देखि २६, २६ देखि २९, २९ देखि ३२, ३२ देखि ३५, ३५ देखि ३८, ३८ देखि ४२, ४२ देखि ४६ र ४६ देखि ५० केजी तौल समूहका खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ